# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शनिश्चरे, झापा, प्रदेश नं १, नेपाल

## सेवा करारका लागि दरखास्त आह्वान सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९/०५/२१)**

अर्जुनधारा नगरपालिकाका लागि तपसिलको पदहरुमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समय भित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विवरण कार्यालयबाट वा वेभसाइट www.arjundharamun.gov.np बाट उपलब्ध हुनेछ ।

| विज्ञापन नं | पद | माग पद संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| ०२/०७९/०८० | पशु चिकित्सक | १ | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी परिषदमा दर्ता भएको |
| ०३/०७९/०८० | कृषि स्नातक | १ | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको । |

१. **आवेदनमा संलग्न गर्नुपर्नेः** उम्मेद्वारको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित छायाँप्रति, परिषद् दर्ता प्रमाणपत्रको छायाँप्रति (पशु चिकित्सकको हकमा), नेपाली नागरिकता प्रमाणपत्रको छायाँप्रति र १ प्रति पासपोर्ट साइजको फोटो संलग्न हुनुपर्नेछ ।पेश गरिने सबै प्रमाणपत्रको छायाँप्रतिको पछाडि उम्मेद्वार स्वयमले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।

२. **उमेरको हदः** आवेदन पेश गर्ने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

३. **सेवा सुविधाः** अधिकृतस्तर छैठौं तहको सुरु तलब स्केल बराबर ।

४. **आवेदन दस्तुरः रु १०००/-**

५. **आवेदन पेश गर्ने अन्तिम मितिः** २०७९/०६/०४ गते कार्यालय समय भित्र ।

६. **छनौट विधिः** सम्बन्धित पदका लागि प्रदेश लोक सेवा आयोगबाट निर्धारित पाठ्यक्रम अन्तर्गत वस्तुगत परीक्षा र अन्तर्वार्ता

७. लिखित परीक्षा तथा अन्तर्वार्ताको मिति पछि प्रकाशन गरिनेछ ।

(प्रमुख प्रशासकीय अधिकृत)